स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अनलाइनखबरको "४० मुनिका ४०" सूचीमा समावेश भएपछि अभिनेत्री स्वस्तिमा खड्काले आयोजित समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलबाट अवार्ड ग्रहण गरिन्। अवार्ड लिएपछि स्वस्तिमाले सामाजिक संजालबाट उत्साह व्यक्त गरेकी छन्। राष्ट्रपति पौडेलको हातबाट सम्मान ग्रहण गर्न पाउनु आफ्ना लागि विशेष क्षण रहेको उल्लेख गर्दै उनले यस्तो सम्मान र मान्यताले खुसीसँगै आफूलाई जिम्मेवारी बोध महसुस गराएको पनि उल्लेख गरेकी छन्।

**आजको विचार...**



हात्तीका...
*(दुई पेजमा)*

प्राडा. कुलप्रसाद कोइराला

एप्पल इन्टरटेन्मेन्टले हरर फिल्म "भिडियोटेप" निर्माण गर्ने घोषणा गरेको छ। ललितपुरको लबिम मलस्थित क्यूएफएक्समा आयोजित कार्यक्रममा चलचित्रको औपचारिक घोषणा गरिएको हो। ओविद अद्दिनको निर्देशनमा बन्ने चलचित्रको छायांकन भदौ ५ गतेदेखि उपल्लो मुस्ताङबाट सुरु हुनेछ। ३० दिनको छायांकन तालिका रहेको चलचित्रमा उपासना सिंह ठकुरी र कुन्दनमान शाक्य मुख्य भूमिकामा हुनुहुन्छ। यसमा थुप्रै कलाकारको पनि अभिनय रहने जनाइएको छ।



❒ वर्ष ३२ ❒ अंक २९ ❒ २०८३ साउन २९ गते शुक्रबार 14 August 2026, Friday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## भूकम्पमा परेकी महिलाको ३६ घण्टापछि उद्धार

**काठमाडौं**, साउन २८/ दक्षिण अमेरिकी मुलुक कोलोम्बियामा गएको शक्तिशाली भूकम्पमा परेकी ३२ वर्षीया महिलाको ३६ घण्टापछि जीवितै उद्धार गरिएको छ । भूकम्पबाट सबैभन्दा प्रभावित क्षेत्रमध्येकै एक पेरेइरा सहरमा भत्किएको भवनको भग्नावशेषबाट डानिएला लार्गोलाई १० घण्टाको उद्धार प्रयासपछि सकुशल निकालिएको हो ।

चारवटा कंक्रिटका स्ल्याबमुनि पुरिएकी उनलाई उद्धारकर्ताले स्ल्याबमुनिबाट खनेको सुरुङमार्फत उनलाई भेट्टाउन सफल भएको बीबीसीले जनाएको छ । कोलोम्बियाको इतिहासमा अभिलेख राख्न थालिएयताकै शक्तिशाली भूकम्पमध्ये एकबाट देश यतिबेला प्रभावित भएको छ । स्थानीय समय अनुसार सोमबार बिहान ७ बजेर ३४ मिनेटमा ७.४ म्यागिनच्युडको भूकम्प गएको थियो । भूकम्पमा परी मृत्यु हुनेको संख्या कम्तीमा २५० जना पुगेको रोयटर्सले उल्लेख गरेको छ । भग्नावशेषमा पुरिएका मानिसको जीवितै उद्धारका लागि खोजी जारी नै छ । सरकारी अधिकारीहरूका अनुसार भूकम्पमा परेर १३ सय जनाभन्दा बढी मानिस घाइते भएका छन् भने करिब २ हजार जना बेपत्ता छन् । - **एजेन्सी**

# स्वदेश फर्किएका देउवाले भने- 'शक्ति प्राप्त गर्न होइन, राष्ट्रिय एकता सुदृढ गर्न फर्किएको हुँ'

**हाम्रा संवाददाता**

पाल्पा, साउन २८/ पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेस पूर्वसभापति शेरबहादुर देउवाले आफू राष्ट्रिय एकता सुदृढ गर्न स्वदेश फर्किएको बताएका छन् । ५ महिनाभन्दा बढी लामो समय विदेश बसाइपछि स्वदेश फर्किएका देउवाले अपिल जारी गर्दै भनेका छन्, "म शक्ति प्राप्त गर्ने उद्देश्यले नभई राष्ट्रिय एकता सुदृढ गर्न र मुलुकको सेवामा समर्पित हुन फर्किएको छु ।" उनले आफु नेता बनेर नभई महान राष्ट्रको आजीवन नागरिक बनेर फर्किएको उल्लेख गरे ।

देउवाले २०३३ सालमा बीपी कोइराला भारत निर्वासनबाट नेपाल फर्कँदा राष्ट्रवादी र प्रजातान्त्रिक शक्तिहरू एक हुनुपर्ने धारणा राखेको स्मरण गर्दै अहिले पनि सर्वपक्षीय राष्ट्रिय एकताको आवश्यकता रहेको बताए । उनले विगतका विभाजन र विद्वेषका



घाउहरू निको पार्दै प्रतिशोधको सट्टा मेलमिलापको बाटो रोज्नुपर्नेमा जोड दिए । "यस्तो नेपाल निर्माण गरौं जहाँ प्रत्येक बालकले निर्भिक सपना देख्न सकोस्, प्रत्येक ज्येष्ठ नागरिकले सम्मानपूर्वक विश्राम गर्न पाओस् र प्रत्येक समुदाय समृद्धि तथा अवसरका साथ फस्टाउन सकोस्," देउवाले भनेका छन् । देउवाले सार्वजनिक जीवनमा पदमा बसेर काम गर्दै जाँदा विभिन्न आलोचना, प्रत्यालोचनाहरू हुनु स्वाभाविक रहेको पनि जनाएका छन् । "मैले सधैं भन्ने गरेको छु जीवनमा राष्ट्र, लोकतन्त्र, नागरिक, संविधान र कानुनलाई सर्वोपरी मानी काम गरेको छु । कानुन र नीति विपरीत कुनै काम गरेको छैन । मेरो जीवन खुला किताब हो । म प्रतिज्ञा गर्दछु अझ पनि जीवन रहँदासम्म राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मुलुक र जनताको सर्वोत्तम हित, संविधान कानुन र नैतिकता मूल्य मान्यताअनुरुप काम गर्नेछु र यी विषयमा कुनै कसैसँग मेरो सम्झौता हुन सक्दैन," देउवाले भनेका छन् ।

देउवाले उपचारका क्रममा आफ्नो स्वास्थ्य अवस्थाबारे चासो राख्ने, चिन्ता व्यक्त गर्ने तथा स्वास्थ्यलाभको कामना गर्ने सबैप्रति आभार व्यक्त गरेका छन् । उनले आफूलाई 'विनम्र सेवक'का रूपमा प्रस्तुत गर्दै सुन्न, सिक्न र समुन्नत मुलुक निर्माणको यात्रामा योगदान गर्न तयार रहेको बताएका छन् । उनले नेपाली कांग्रेस लामो राजनीतिक संघर्षबाट स्थापित भएको पार्टी भएको उल्लेख गरेका छन् ।

*-बाँकी अन्तिम पेजमा...*

## जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं,
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं,
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं,
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं,
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं,
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं,
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

**जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## अवैध लागूऔषध सहित विभिन्न स्थानबाट १२ जना पक्राउ

**पाल्पा,** साउन २८/देशका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १२ जना पक्राउ परेका छन् । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार गुल्मी, इलाम, सुनसरी, सिन्धुली, कास्की, कञ्चनपुर लगायतका विभिन्न स्थानबाट अवैध लागूऔषध सहित १२ जना पक्राउ परेका हुन् ।

गुल्मीको मदाने गाउँपालिका-६ पुर्कोटबजारबाट नियन्त्रित लागूऔषध सहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रेगाब्लिन ३९ ट्याब्लेट र क्लोनाजेपाम २९ ट्याब्लेट सहित सोही ठाउँ बस्ने २३ वर्षीय रोशन कुँवरलाई बुधबार राति प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय पुर्कोटदहबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक



अनुसन्धान गरिरहेको छ । कास्कीको पोखरा महानगरपालिका-८ नागढुङ्गा डेरा गरी बस्ने स्याङजा घर भएका २१ वर्षीय मोहमद ईसाक सरिकलाई अवैध लागूऔषध गाँजा करिब ५ किलोग्राम, टापेन्टाडोल ३ सय ६६ ट्याब्लेट र ट्रामाडोल ७ सय ९० ट्याब्लेट सहित प्रहरीले पक्राउ गरेको छ । वडा प्रहरी कार्यालय बगरबाट खटिएको प्रहरीले उनको कोठा तलासी गर्दा उक्त लागूऔषध फेला पारी पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा पोखरा महानगरपालिका-१४ युनिटी टोल बस्ने २६ वर्षीय आबिस्कार सारू मगरको समेत संलग्न रहेको खुल्न आएपश्चात प्रहरीले उनको घर तलासी गर्दा नियन्त्रित लागूऔषध टापेन्टाडोल ९ हजार ट्याब्लेट पारी उनलाई समेत पक्राउ गरेको छ । यस्तै झापाको मेचीनगर नगरपालिका-६ पुरानो मेचीपुलबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ५ ग्राम २ सय १० मिलिग्राम सहित अर्जुनधारा नगरपलिका-११ बस्ने २३ वर्षीय मानजित करूवालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय काँकरभिट्टा र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस्तै इलामको चुलाचुली गाउँपालिका-३ पेल्टिमारी टोलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ ग्राम ३ सय ८० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

*(बाँकी अन्तिम पेजमा...)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## इन्सेफ्लाइटिसबाट जोगिऔं

इन्सेफ्लाइटिस अर्थात् मस्तिष्कमा हुने सूजनसम्बन्धी रोग गम्भीर स्वास्थ्य समस्या हो । विशेषगरी वर्षायाममा यसको जोखिम बढ्ने भएकाले यसबाट बच्न व्यक्ति, परिवार, समुदाय र राज्य सबै सचेत हुन आवश्यक छ । समयमै उपचार नपाएमा इन्सेफ्लाइटिसले ज्यानसमेत लिन सक्छ वा दीर्घकालीन स्वास्थ्य समस्या निम्त्याउन सक्छ । पछिल्लो समय नेपालमा इन्सेफ्लाइटिसको संक्रमण फैलिरहेको खबर अहिले चौतर्फी रूपमा सार्वजनिक भइरहेको छ । तर विडम्बना के छ भने, धेरैजसो सर्वसाधारणलाई यो कस्तो प्रकारको संक्रमण हो, कसरी सर्छ, यसबाट कसरी जोगिन सकिन्छ र संक्रमण भइसकेपछि कस्ता जटिलता निम्तिन सक्छन् भन्नेबारे पर्याप्त जानकारी छैन । हरेक वर्ष विभिन्न किसिमका संक्रामक रोग तथा महामारीका कारण ठूलो जनधनको क्षति हुने गरेको भए पनि त्यसबाट बच्न आवश्यक पूर्वसावधानी अपनाउने विषयमा जनस्तरदेखि सरकारी तहसम्म अपेक्षित गम्भीरता देखिन सकेको छैन् । यसवर्ष हालसम्म ४६ जना यस संक्रमणबाट प्रभावित भएको र तीमध्ये ३७ जना उपचाररत रहेको तथा नौजनाको मृत्यु भएको बताइएको छ । मृत्यु भएका व्यक्तिहरूले खोप नलगाएको तथ्य सार्वजनिक भएको अवस्थामा खोपको महत्व अझ स्पष्ट हुन्छ । प्रभावकारी खोप उपलब्ध हुँदाहुँदै त्यसबाट वञ्चित हुनु कुनै पनि अर्थमा उचित हुँदैन ।

इन्सेफ्लाइटिसका विभिन्न कारण हुन सक्छन् । भाइरसजन्य संक्रमण, लामखुट्टेको टोकाइ तथा अन्य संक्रमण यसका प्रमुख कारणमध्ये पर्छन् । त्यसैले लामखुट्टेको नियन्त्रण, घर वरपरको वातावरण सफा राख्ने, पानी जम्न नदिने, झुलको प्रयोग गर्ने तथा आवश्यकता अनुसार खोप लगाउनेजस्ता उपाय अपनाउनु जरुरी छ । व्यक्तिगत सरसफाइ र सुरक्षित खानेपानीको प्रयोगले पनि संक्रमणको जोखिम घटाउन मद्दत गर्छ । इन्सेफ्लाइटिसका लक्षण देखिएमा बेवास्ता गर्नु हुँदैन । उच्च ज्वरो, तीव्र टाउको दुखाइ, बान्ता, असामान्य व्यवहार, बेहोस हुने, झट्का आउने वा चेतनामा परिवर्तन हुने जस्ता लक्षण देखिए तत्काल स्वास्थ्य संस्थामा पुर्‍याउनुपर्छ । घरेलु उपचारको भरमा समय खेर फाल्नु जोखिमपूर्ण हुन सक्छ । इन्सेफ्लाइटिस नियन्त्रणका लागि स्वास्थ्य संस्थाले मात्र प्रयास गरेर पुग्दैन । स्थानीय तहले सरसफाइ र लामखुट्टे नियन्त्रण अभियान प्रभावकारी बनाउनुपर्छ । विद्यालय तथा समुदायमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ भने नागरिकले पनि रोगका लक्षण र बच्ने उपायबारे जानकारी राख्नुपर्छ । रोग लागेपछि उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी हो । त्यसैले सरसफाइमा ध्यान दिऔँ, लामखुट्टेको टोकाइबाट बचौँ, आवश्यक खोप लगाऔँ र लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्था जाऔँ ।

### Opinion @ Social Network

परिवर्तन को लागि कहिल्यै नडराउनु,
जति धेरै गुमाउनुहुन्छ त्यो भन्दा धेरै पाउनु पनि हुन्छ।
*(कुशल रिजालको फेसबुक स्टाटसबाट www.facebook.com/Kushal.Rijal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# हात्तीका दाँत र न्याय व्यवस्था



प्राडा. कुलप्रसाद कोइराला

> *राजाले बोलेको कुरो बदलिँदैन भनिन्थ्यो तर हाम्रा देशका राजा वीरेन्द्रले गिरिजाप्रसादलाई एकपटक पञ्चायतको विकल्प तिमी पनि खोज, म पनि जनभावना बुझ्छु भनेको केही महिनापछि 'व्यवस्थाको विकल्प खोज्नु निरर्थक छ' भनिदिएका थिए । नाता पनि पर्ने योग्य भनेर शेबदेले जे भने त्यही गर्ने गरेका राजा वीरेन्द्रले शेबदेलाई नै असक्षम भनेर हटाएका थिए ।*

**सडलो छी तैयो राजपुततँ छी**

यो भनाइ विराटनगरे कोइराला, तराईका राजपुत र पहाडका ठकुरी क्षेत्रीका चरित्रमा शतप्रतिशत लागू हुने गरेको देखिन्छ । हात्तीको दाँत एकपटक बाहिर निक्लेपछि फेरि भित्र पस्दैन भनिन्छ । यो कुरो कताकति मान्छेमा पनि लागू हुन्छ । राजाले बोलेको कुरो बदलिँदैन भनिन्थ्यो तर हाम्रा देशका राजा वीरेन्द्रले गिरिजाप्रसादलाई एकपटक पञ्चायतको विकल्प तिमी पनि खोज, म पनि जनभावना बुझ्छु भनेको केही महिनापछि 'व्यवस्थाको विकल्प खोज्नु निरर्थक छ' भनिदिएका थिए । नाता पनि पर्ने योग्य भनेर शेबदेले जे भने त्यही गर्ने गरेका राजा वीरेन्द्रले शेबदेलाई नै असक्षम भनेर हटाएका थिए । शेरबहादुरको बानी पनि विचित्रकै थियो । मेरा गोरुको बारै टक्का गर्थे । उनलाई कुर्सी र पैसा अति प्यारा थिए । बारम्बार संकटकाल लाउँदा सिध्याउँदैनन् यिनले ? जनतामाथि अन्याय हुन्छ त्यो फिर्ता गरभन्दा पार्टी नै फुटाइदिए । गिरिजाप्रसाद कोइराला पनि उस्तै थिए । आफूले गरेका कुरामा कहिल्यै पुनर्विचार गर्न तयार नहुने । मान्छेहरू गिरिजाले बोल्यो कि पोल्यो भन्थे । गिरिजाले चिताए कि बिताए पनि भन्थे । निर्णय गर्नुभन्दा पहिले सबै प्रकारका राय सल्लाह लिने, समुचित किसिमले सोच्ने अनि गरिएका निर्णयमा अडिग रहने प्रजातन्त्रवादी नेताको चारित्रिक विशेषता नै मानिन्छ । आफ्नै मुराद पूरा गर्न र सत्ता सर्वोपरी हो भनेर मूल्यमान्यता पद्धति मिच्ने प्रवृत्ति दुबैमा थियो । कल, छल, बल आफ्नै कुरा लागू गराउने यी दुबै (कोइराला-देउवा)को बानी, स्वभाव र चिन्तन प्रजातान्त्रिक आचरण विपरीत नै थिए । शेबदेका गुरु नै थिए कोइराला । पछि किसुनजीले कोइरालालाई तह लाउने हतियारका रूपमा कूटनीतिक पाराले शेबदेलाई उपयोग गरेको पनि देखियो । यस कुराबाट भर्तृहरिको 'नगरबधू र राजनीतिको चरित्र समान हुन्छ' भन्ने भनाइलाई पुष्ट्याइँ मिल्छ ।

**मरलो भुन्ना रहुक दू गुन्ना**

लामो संघर्षबाट खारिएको भनेर मान्नैपर्छ शेरबहादुरजीलाई । यद्यपि नेपाली कांग्रेसका नेतामध्ये भाग्यले अति सहयोग गरेको नेतामा पर्छन् । विधानको छिद्र, संविधानको प्रावधान, दलमा पाएको जनसमर्थन, क्रियाशील सदस्यता कब्जा गरेर भए पनि नेपाली कांग्रेसलाई आफ्नै स्वार्थपूर्तिको साधन बनाउन यिनी पनि सफल भए । लगभग नेपाली कांग्रेसका सबैले दललाई बहुमत र संघर्षको कठिन समयको निहुँमा स्वार्थपूर्तिको माध्यम बनाएकै थिए तर शेबदेले अलि बढी गरेको सबैले महसुस किन गरे भने उनले विपरीत विचारसँग गठबन्धन गरेर आफ्नै दललाई भोट दिन चाहने कार्यकर्तामाथि पार्टीनिर्णय उल्लंघन गरेको आरोपमा बबिसको विष हालेर खोलाका माछा मारेझैं दलका इमानदार कार्यकर्ताको कत्लेआम पनि गरे । पछिल्लो समयमा उनको भन्दा उनकी पत्नीको हैकम चलेको कुरो धेरै सुनिन लागेको पनि थियो । राजा वीरेन्द्रको भन्दा ऐश्वर्य र अरू पारिवारिक सदस्यको हुकुम बढी चल्न लागेपछि रानी ऐश्वर्यका सम्बन्धमा अनेकौं उपनामात्मक आलोचना समाजमा व्याप्त भएका थिए । शेरबहादुरको र उनकी पत्नीको पनि यो माम्ला बाक्लिएको थियो । शेरबहादुरका लागि प्रचण्ड र केपी शर्मा ओली मुराद पूर्तिका राम्रा पात्र बनेका थिए । यदि 'इनफ इज इनफ' र भदौ २३-२४ को तरुण आन्दोलन नभएको भए सम्भवत: शेरबहादुरको विकल्प ओली र ओलीको विकल्प प्रचण्डका क्रममा देश कतिन्जेल घुम्ने मेचको अन्धोमान्छे बनेर चक्कर लाउन विवश बन्थ्यो । अहिले भने बालेन्द्रका आलाकाँचा र संसदीय व्यवस्थाले कल्पना नगरेका उद्दण्ड विधि-व्यवहारले नेपाली जनता 'तावाबाट उम्केको माछो भुंग्रामा' बनेको अनुभव गर्न लागेका छन् । विज्ञान तथा प्रविधि प्रतिष्ठानलाई मन्त्रालयको एउटा विभाग बनाउने, विश्वविद्यालयलाई शिक्षामन्त्रालय मातहतमा लाने योजना गर्दैछन् रे । यसभन्दा लज्जास्पद सोच केही होला ? हुनसक्छ ? यही हो श्वेतआतंक, सरकारी आतंक जे भन्नुस् तानाशाही सोच भनेको यही हो । सम्भवत: अदालत पनि यस्तै अनुभवका कारणले आफ्नो निर्णय पुनरवलोकनका लागि तयार भएको हुनसक्छ । भारत, चीन र रुसको त्रिकोणीय संरक्षणमा शेबदे नेपाल आउँदैछन् पनि भन्न लागिएको छ । यो प्रक्रिया पनि आफूलाई ज्यान गए पनि गगनभन्दा विशिष्ट ठानी विशेष महाधिवेशनभन्दा उपल्लो मान्ने गगनलाई अवैध सभापति मानेर, हिजो गगनले सही गरेर दिएको टिकट लिएर चुनावमा जाने तर उनलाई सभापति नमान्ने बल पनि यही धरातलीय राजनीतिले त दिएको होइन ? मरेको भुना माछो पनि रहुको दुईगुना हुन्छ भन्ने भ्रम पार्ने नेकाको विधानको व्याख्या सर्वोच्चले गर्ने नै छ । एक पटकको गल्तीले पुनरवलोकन पाउनुभनेको कांग्रेसका विधानमा भएको वाक्य वाक्यांशका वाक्यगत अर्थ र सूच्यार्थको भ्रम पार्ने कुराको स्पष्ट व्याख्याको अवसर हो । आफ्नो निर्णय आफैंले पुनरवलोकन गर्ने न्यायको परिपक्व र विश्वव्यापी पद्धति हो । अत: चुनदेवी फुर्किनु र सानेपा थर्कनुको कुनै अर्थ र तुक छैन । शेरबहादुरको विकल्प अति आवश्यक भएको थियो गगन-विश्वले जुन बेला पर्खने धैर्य गरेनन् कुरो त्यत्तिमात्र हो । राजनीति गर्नेले मौकामा चौका जसले पनि हान्छन् । शेरबहादुरले जति देशका बौद्धिक वर्गलाई बेवास्ता अहिलेसम्म अरूले गरेका पनि थिएनन् । उनलाई ओली, प्रचण्ड, पत्नी र पद भए पुगेको देखिन्थ्यो । पाँचौं थियो भने पनि कसैलाई थाह छैन हुन दिएनन् ।

**वादीप्रतिवादीभ्यां निर्णितो˜ र्थ सिद्धान्त:**

वादीप्रतिवादीका बीचमा विचारविमर्श भएर निर्णित भएको कुरो नै निर्णय हुन्छ भन्ने विधिशास्त्रीय निर्देश उल्लंघन भएको छ कि भनेर पुन: आरम्भदेखि नै हेर्ने निस्सा अदालतले दिएको हुनुपर्छ । ५४ प्रतिशत भन्दा बढी मान्छे देशभरिबाट तयारीका साथ आएर तीन तीन दिन विशेष महाधिवेशन भएको देशविदेशले देखेको छ । महाधिवेशनमा आएको तरुण पुस्ताको त्यो आइरोलाई नजरअन्दाज गर्ने कुनै तागत होला ? पटकपटक अवसर पाएर पनि देश, जनता, मूल्यमान्यताभन्दा आफ्नै स्वार्थको चिन्तनमा डुबेका स्वघोषित बडासाहेबका पछि को जालान् ? प्रजातन्त्र मर्यादित व्यवस्था हो । यसलाई अति अमर्यादित बनाएकै कारणले अनेकौं विकल्पको खोज भइरहेका सन्दर्भमा भएको त्यो महाधिवेशनले निहित स्वार्थलाई बाहेक सबैलाई आशाभरोसा जगाएको थियो । आज विचार गर्दा स्वयं सभापति गगन थापा उत्साह र संकल्पभएका तर बौद्धिक परिपक्वता नभएका देखिन्छन् । प्रशंसामात्र खोज्ने नेता हुँदैन । अमेरिका र पाकिस्थानको घुसपैठलाई चिर्न भारत लागेको त छैन ? भन्ने आशंका पनि बौद्धिक विश्लेषकले गर्न लागेका देखिन्छन् । न्यायालयमा पनि अनेकौं अस्वस्थ खेल भएका छन् । 'यथा राजा तथा प्रजा' भनेजस्तो जुन प्रकारको मान्छे प्रधानमन्त्री बन्छ विश्वव्यापी नियमलाई पनि तदनुकूल नगर्दा गराउँदा रहेछन् र त भनिँदोरहेछ हात्तीका देखाउने र चबाउने दुई दाँत । आज कांग्रेस बीपीको मूल्यमान्यतायुक्त मार्गमा अभिसार गर्ला कि भनेर तमाम मान्छे पर्खेर बसेका छन् तर त्यता लाग्ने लक्षण हराउँदै गएको छ । त्यस्तै भएर पुनरवलोकनले १४औं महाधिवेशनकै समिति ल्यायो भने पनि राजनीति त्यसले थेग्नेवाला छैन । पटकपटक राजनीतिलाई कानुनका सिङमा झुण्ड्याउने प्रवृत्ति निकम्मा राजनीतिकर्मीको चरित्र हो । यी सबैका खुट्टी जनताले राम्ररी देखेका छन् । एकथरी प्राध्यापकहरू छट्पटाएका छन् । विष्टका घरमा रोटी पाक्यो पुहुनीलाई छट्पटजस्तै भएको छ । हामीले भनेर कहिल्यै यिनीहरूले सुनेनन्, आज पनि सुन्दैनन् भनेर लोते कान लाउने प्राध्यापक धेरै देखिँदारहेछन् । कालेका बाखा र बाघको कथा राजनीतिक दलका क्रियाकलाप र बौद्धिक समुदायका बीचमा आज टड्कारिएको रहेछ । २०४६ भन्दा पहिलेको कांग्रेस चाहियो भने केही प्राध्यापकले । कांग्रेस दुईवटा भयो भने र ४०-६० को भागबण्डा अनि अप्राकृतिक गठनबन्धनका पृष्टपोषकको बोलवाला चल्यो भने आगामी धेरै वर्ष कांग्रेस कमजोर भएर बस्छ । अनि ०४६ सालभन्दा पहिलेको कांग्रेस स्वत: भेट्छन् ती प्राध्यापकले पनि । देश हुकुमी शासनका तौरतरिकातिर जानलागेको देख्दा भने चिन्ता लाग्छ तर राजनीति खुला भएपछि राजनीतिकर्मी नै सुनुपर्छ । हामी पेसाव्यवसायमा लागेका वर्गका छट्पटीले केही हुँदैन । मान्छेको लासमा कर लाउने, जनताले बाल्ने बत्तीमा, शिक्षामा कर लाएर गरिबको ढन्नासो सेक्ने सरकारका विरुद्ध संसद्मा प्रभावकारी किसिमले कुरो उठाएर टुंग्याउन नसक्ने राजनीतिक दलका लागि कोही ज्यान हत्केलामा लिएर सडकमा जाँदैनन् । न बोली ठीक, न व्यवहार ठीक, न त चिन्तन ठीक यिनको शासन हिजो देखिएन र ? यही अवस्था अब रवि र बालेनले पनि दुईचार महिनामा नै भोग्नुपर्छ । नेपालमा भएका राजनीतिक दलमध्ये देशदेशावरमा प्रजातन्त्र, स्वतन्त्रता र विधिको सर्वोच्चताप्रति दृढ रहेको दल नेपाली कांग्रेस नै हो । यसो भएका कारणले सबैले आस गर्ने पनि यसैसँग हो तर करनी र कथनी एकनास नदेखिएपछि जनताले विकल्प खोज्छन्/खोजे पनि । विकल्पमा रोजेको दलको प्रधानमन्त्री लाँचेजस्तो काला टोडकामा बसेर डिङ हाँक्ने दम्भी, छली, सुल्फे र नेप्पोबेबीहरूको झुण्ड परेकामा पश्चातापग्रस्त छन् एकथरी भने अर्काथरी जुन जोगी आए पनि कानै चिरेका देखेर लोते कान लाउन विवश छन् ।

**यद्भविष्यति तद्भविष्यति**

संस्कृतको नीतिशास्त्रले भन्छ मानवीय पुरुषार्थमा पटकपटक डढेलो लाग्यो, आशाका तरंगमा तुषारपात भयो, मान्छेको बुद्धि विवेक र उद्यमशीलताले अडिने धरातल भेटेन भने बाध्य भएर जे हुन्छ त्यही स्वीकार्न विवश बन्छ मान्छे । यसै कारण मान्छेले विधि बनायो त्यसैका आडमा नियम बनायो तर उसभित्रको नृशंसताले सोझा सरल आफ्नो बुद्धिविवेक र पुरुषार्थमा विश्वास गर्ने ओझेलमा पर्नलाग्दा क्रान्तिको ज्वारभाटा उठ्ने गरेको छ । अतिले सीमा ननाघोस् । देश चलाउने र देश चलाउन मद्दत गर्नेहरूको पनि बुद्धि फिरोस् । फेरि देशले जल्नुबल्नु नपरोस् र सबै आ-आफ्नो कुटोकोदालो गरेर खाएर बस्ने वातावरण मिलेर मुलुकमा शान्ति आओस् । घृतात् स्वादीयो मधुनश्चवोचत । ***(घ्यूभन्दा पोसिलो र महजस्तो मीठो बोल) ।***

***-इहिमालयन डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कामको प्रस्ताव आउन सक्छ। स्वास्थ्यमा घाँटीको ख्याल गर्नुहोस्। | **तुला**: साझेदारीमा राम्रो सहमति बन्नेछ। पढाइमा ठाउँ परिवर्तन गर्दा ध्यान बढ्नेछ। |
| **वृष** : घरमा आवश्यक काम थपिन सक्छ। आम्दानीसँगै खर्च पनि बढ्न सक्छ। | **वृश्चिक** : यात्रामा समयको ख्याल गर्नुहोस्। आफ्नै निर्णयमा भरोसा बढ्नेछ। |
| **मिथुन** : नयाँ जानकारीले सोच बदल्न सक्छ। व्यापारमा बिक्री बढ्ने मौका छ। | **धनु** : बाहिरको कामले व्यस्तता बढाउनेछ। नयाँ ठाउँ जाने अवसर मिल्नेछ। |
| **कर्कट** : पुरानो बचत काम लाग्न सक्छ। काम गर्ने तरिकामा सुधार आउनेछ। | **मकर** : अनुभवी व्यक्तिको सुझाव काम लाग्नेछ। काममा नयाँ बाटो भेटिन सक्छ। |
| **सिंह** : सामाजिक भेटघाट बढ्नेछ। व्यापारमा प्रचार बढाउने सोच बन्नेछ। | **कुम्भ**: साथीबाट नयाँ प्रस्ताव आउन सक्छ। कामपछि मनोरञ्जनको समय मिल्नेछ। |
| **कन्या** : कागजी काम पूरा गर्न सकिनेछ। आम्दानी बढाउने उपाय भेटिन सक्छ। | **मीन** : रुचिको काम गर्ने मौका मिल्नेछ। आर्थिक रूपमा सानो लाभ हुन सक्छ। |




# अत्यावश्यक औषधि र खोप अभाव, स्वास्थ्य मन्त्रालयको उदासीनता



दीर्घकालीन आपूर्ति शृङ्खला व्यवस्थापन र सरकारले समयमै खरिद प्रक्रिया अघि बढाउन नसक्दा देशभर जीवनरक्षक र अत्यावश्यक औषधिको चरम अभाव भई बिरामीको जीवन जोखिममा परेको छ । औषधिहरूको आपूर्ति सहज नहुँदासमेत स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले प्रभावकारी र ठोस पहलकदमी लिन नसकेको देखिएको हो । औषधिको सङ्कट व्यवस्थापनका नाममा एक ठाउँको औषधि अर्को ठाउँमा सार्ने 'रिभर्स पुलिङ' जस्ता अस्थायी उपायमै सीमित हुनुले आकस्मिक स्वास्थ्य सङ्कटप्रति स्वास्थ्य मन्त्रालय उदासीन देखिएको सरोकारवाला बताउँछन् । सर्पदंशको उपचारमा प्रयोग हुने 'एन्टी स्नेक भेनम', क्यान्सरको किमोथेरापीमा अत्यावश्यक 'सिस्प्लाटिन' र 'कार्बोप्लाटिन' जस्ता संवेदनशील औषधिहरूको सहज आपूर्ति नहुँदा बिरामीहरू मारमा परेका छन् । बजारमा अभाव देखिएका यी औषधि भारत लगायतका देशबाट आयात हुने गर्छन् । देशभरका अस्पताल र स्वास्थ्य संस्थामा सर्पदंशको उपचारमा प्रयोग हुने 'एन्टी स्नेक भेनम'को चरम अभाव छ । स्वास्थ्य सेवा विभाग अन्तर्गत् इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार अब दुई हजार जना प्रभावितलाई पुग्नेमात्र 'एन्टी स्नेक भेनम' मौज्दात छ । सर्पले डसेपछि जीवन बचाउन प्रयोग हुने एन्टी स्नेक भेनम अभाव भएपछि नारायणी अस्पतालले सर्पदंशका बिरामीलाई उपचारका लागि अन्यत्र जानू भन्दै गत सोमबार सूचना जारी गऱ्यो । सूचनामा सर्पले टोकेको इन्जेक्शन ए.एस.भी.मौज्दातमा नरहेको भन्दै बिरामीहरूप्रति क्षमा मागिएको थियो । साउन १७ गते दाङका अस्पताल तथा सर्पदंश उपचार केन्द्रमा एन्टी स्नेक भेनम अभाव भएपछि सर्पदंशका बिरामीको उपचार प्रभावित भएको थियो । दाङस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, लमही अस्पताल, गढवास्थित सर्पदंश उपचार केन्द्रमा एन्टी स्नेक भेनम सकिएको थियो । गत साउन १९ गते प्रतिनिधि सभा बैठकमा स्वास्थ्यमन्त्री नीशा मेहताले १२ सय ६९ भाइल सर्पदंश उपचारका लागि प्रयोग हुने एन्टी स्नेक भेनम मौज्दात रहेको जानकारी गराएकी थिइन् । उनले भनेकी थिइन्, 'हाल देशभर केन्द्रीय स्टोरमा एक सय ३८, प्रादेशिक स्वास्थ्य आपूर्ति केन्द्रमा चार सय ४४ र स्वास्थ्य कार्यालयहरूमा २२२ सर्पदंश उपचार केन्द्रहरूमा ४६५ गरी जम्मा १२ सय ६९ भाइल सर्पदंश उपचारका लागि प्रयोग हुने एन्टी स्नेक भेनम मौज्दात रहेको छ ।' तर, स्वास्थ्य सेवा विभागले भने हाल २४ सय १९ भाइल एन्टी स्नेक भेनम मौज्दात रहेको जनाएको छ । स्वास्थ्यमन्त्री मेहताका अनुसार उपलब्ध १ हजार २६९ भाइल 'एन्टी स्नेक भेनम' बाट आठ सय ५० जना सर्पदंश बिरामीको उपचार गर्न सकिने प्राविधिक आकलन छ । स्वास्थ्य सेवा विभागबाट १३ हजार दुई सय भाइल सर्पदंश उपचारका लागि आवश्यक पर्ने एन्टी स्नेक भेनमको खरिद सम्झौता भइसकेको छ । स्वास्थ्यमन्त्री मेहताले खोप मौज्दातमा रहेको बताए पनि बिरामीले सहज तरिकाले एन्टी भेनम स्नेक खोप लगाउन पाएका छैनन् । स्वास्थ्य सेवा विभाग अन्तर्गत् इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा अन्तर्गत जुनोटिक तथा अन्य सरुवारोग नियन्त्रण शाखा प्रमुख डा.अमृत पोखेलले एन्टी स्नेक भेनम कम भएका अस्पताल, स्वास्थ्य संस्था र केन्द्रमा मौज्दात बढी भएको स्थानबाट पठाउने गरिएको बताए । उनले भने, 'एक सय जनालाई सर्पले टोक्यो भने १० देखि १२ जनामा विषको लक्षण हुन्छ । विषको लक्षण देखिएकालाई खोप आवश्यक पर्छ ।' पोखेलले मौज्दातमा रहेको एन्टी स्नेक भेनमले दुई हजार जनालाई पुग्ने जानकारी दिए । उनले खोप व्यवस्थापनमा 'रिभर्स पुलिङ' प्रणाली लागु गरिएको जानकारी दिए । स्वास्थ्यमन्त्रीका प्रमुख विज्ञ सल्लाहकार डा.मनोहर प्रधानले भारतमै माग बढी भएकाले नेपालमा एन्टी स्नेक भेनमको अभाव भएको जानकारी दिए । अबको एक हप्तामा यो भ्याक्सिन सहज हुने उनको दाबी छ । उपलब्ध एन्टी स्नेक भेनमको प्रभावकारी रूपमा व्यवस्थापन गर्न स्वास्थ्य मन्त्रालयले रिभर्स पुलिङ (पुनर्वितरण) प्रणाली कार्यान्वयनमा ल्याएको जनाएको छ । यस प्रणाली अन्तर्गत हाल मौज्दात भएका उपचार केन्द्रहरूबाट अभाव भएका केन्द्रमा खोप वितरण भइरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । सम्बन्धित आपूर्तिकर्तालाई यथाशीघ्र आपूर्ति गर्न बारम्बार ताकेता गरिएको र साउन मसान्तसम्म आपूर्ति हुने अपेक्षा गरिएको स्वास्थ्य मन्त्रालयको दाबी छ । क्यान्सर उपचारका लागि प्रयोग हुने 'कार्वोप्लाटिन', 'सिस्प्लाटीन' अहिले पनि सहज आपूर्ति भइरहेको छैन । विगत १२ देखि १८ वर्ष अगाडि राजपत्रमा प्रकाशित न्यूनतम मूल्यसूचीकै आधारमा अहिले आपूर्ति गर्नुपर्दा क्यान्सर उपचारमा प्रयोग हुने 'कार्वोप्लाटिन' र 'सिस्प्लाटिन' लगायतका अत्यावश्यक औषधिको बजारमा अभाव देखिएको हो । अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेकाले सरकारी अस्पतालका फार्मेसीहरूले तोकिएको पुरानो दरमा टेन्डरमार्फत ती औषधि खरिद गर्न नसक्दा बिरामीहरूको उपचार प्रभावित भइरहेको छ भने निजी क्षेत्रमा बढी मूल्य लिएर बिक्री भइरहेको छ । सरकारले औषधिको मूल्य समायोजन गर्ने भने पनि अहिलेसम्म प्रक्रिया अघि बढेको छैन । औषधि आयातकर्ता संघका अध्यक्ष पवन आचार्यले अहिले पनि सहज तरिकाले 'कार्वोप्लाटिन' र 'सिस्प्लाटिन' जस्ता औषधि नपाइने बताए । आचार्यले भने, 'सरकारसँग पटकपटक अनुरोध गऱ्यौं । मूल्य अनुगमन समितिको बैठक बसेर औषधिको मूल्य समायोजन गर्ने प्रस्ताव अघि बढे पनि औषधि परामर्श परिषद्को बैठक कहिले बस्ने अझै अन्योल छ । औषधि क्षेत्र सरकारको प्राथमिकतामा परेको देखिँदैन । सरकारको निर्णयको प्रतीक्षामा छौँ ।' गत असार ३ गते स्वास्थ्यमन्त्री मेहताले प्रतिनिधि सभा बैठकमा औषधिको मूल्य समायोजन सन्दर्भमा एक हप्ताभित्र औषधि परामर्श परिषद्को बैठक बस्ने बताएकी थिइन् । उनले संसदमा यस्तो धारणा राखेको झन्डै दुई महिना बितिसक्दा पनि परिषद्को बैठक कहिले बस्ने अझै अन्योल छ । स्वास्थ्यमन्त्रीका प्रमुख विज्ञ सल्लाहकार प्रा. डा. प्रधानले प्लाटिनम वर्गका औषधिहरू सरकारीस्तर (जी-टु-जी) बाटै खरिद गर्ने तयारी भइरहेको जानकारी दिए । त्यसकारण बिरामीलाई अप्ठ्यारो नपर्ने गरी जी टु जी प्रक्रिया मार्फत् औषधि खरिद गर्ने तयारी भइरहेको छ ।' रेबिजविरुद्ध प्रयोग हुने भ्याक्सिन एक लाख ९० हजार भाइल सबै प्रदेशमा वितरण भइसकेको स्वास्थ्य सेवा विभागले जनाएको छ । गत आर्थिक वर्षमा खरिद गरेको खोपभन्दा खोप लगाउनेको सङ्ख्या बढेपछि रेबिजविरुद्धको भ्याक्सिन अभाव देखिएको स्वास्थ्य मन्त्रालयका अधिकारी बताउँछन् । जापानी इन्सेफ्लाइटिसको कारण पछिल्लो दुई महिनामा देशभर नौ जनाको मृत्यु भयो । विश्व स्वास्थ्य संगठनले जापानी इन्सेृलाइटिसलाई कीटजन्य रोगहरूमध्ये निकै जोखिमपूर्ण र प्राणघातक रोगको रूपमा वर्गीकरण गरेको छ । स्वास्थ्य विज्ञहरूका अनुसार सङ्क्रमणको जोखिममा रहेका नागरिकलाई खोपको पहुँचमा ल्याउन सकिएमा यसबाट हुने मानवीय क्षति र सङ्क्रमणको विस्तारलाई तुरुन्त रोक्न सकिन्छ । सङ्क्रमण रोक्न खोप अभियान नै सबैभन्दा प्रभावकारी माध्यम भए पनि स्वास्थ्य मन्त्रालयले खोपको सहज उपलब्धतातर्फ पर्याप्त बजेट विनियोजन गरेको देखिँदैन । पर्याप्त बजेटको अभावले गर्दा जोखिमयुक्त क्षेत्रहरूमा समयमै खोप आपूर्ति गर्न र सर्वसाधारणसम्म पुऱ्याउन कठिनाइ भइरहेको छ, जसका कारण जापानी इन्सेृलाइटिसको जोखिम झन् बढाएको छ । विज्ञहरूका अनुसार नागरिकलाई खोपमात्रै दिन सकिए पनि मृत्यु र सङ्क्रमण व्यापक रूपमा रोक्न सकिन्छ । औषधि व्यवस्था विभागले बजारमा अत्यावश्यक औषधिको अभाव सम्बन्धी विवरण नियमित रूपमा सङ्कलन गर्ने व्यवस्था मिलाएको जनाएको छ । बिरामीको उपचारका लागि आवश्यक औषधिको सहज, नियमित र निरन्तर उपलब्धता सुनिश्चित गर्न तथा नेपालमा दर्ता नभएका वा सीमित रूपमा मात्र दर्ता भएका औषधिको दर्ता प्रक्रियालाई आवश्यकता अनुसार सहजीकरण गर्ने उद्देश्यले विभागले यो कदम चालेको हो । औषधिको अभावका कारण बिरामीको जीवन जोखिममा पर्न सक्ने, उपचारमा गम्भीर कठिनाइ उत्पन्न हुने, रोग निदानमा समस्या आउने तथा स्थायी अपाङ्गता समेत हुन सक्ने जोखिम रहने विभागले मङ्गलबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । विभागले सम्बद्ध सबै अस्पताल, स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, सर्वसाधारण नागरिक तथा अन्य सरोकारवालाहरूलाई बजारमा अभाव रहेका वा उपचार सेवामा पाउन नसकिएका औषधिको यथार्थ विवरण सूचना प्रकाशित भएको मितिले १० दिनभित्र उपलब्ध गराउन अनुरोध गरेको छ ।

*-रातोपाटी डटकम*

# भाइरल ज्वरो र मौसमी रुघाखोकीका बिरामी बढे



पछिल्लो केही दिन यता भाइरल ज्वरो र मौसमी रुघाखोकीका बिरामी बढ्न थालेका छन् । ज्वरो आउने, टाउको, हातखुट्टा दुख्ने, रुघाखोकी लाग्नेजस्ता लक्षणका बिरामी उपचारका लागि अस्पताल पुग्ने गरेका हुन् । मनसुनका कारण ज्वरो र रुघाखोकी लागेर अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा पुग्ने बिरामीको सङ्ख्या बढ्दो क्रममा छ । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा पछिल्लो दुई हप्तामा मात्रै ज्वरो आएर इमरजेन्सीमा पुग्नेको सङ्ख्या ८० पुगेको छ । अस्पतालका अनुसार पछिल्लो एक हप्तामा ४६ जना भाइरल ज्वरो आएर अस्पताल पुगेका थिए । टेकु अस्पतालमा दैनिक एक हजार पाँच सयदेखि एक हजार ६ सय जनाले सेवा लिने गरेका छन् । अस्पतालका वरिष्ठ मेडिकल रेकडर निरीक्षक समिर अधिकारीले भने, 'अस्पतालमा दैनिक एक हजार पाँच सयदेखि एक हजार ६ सय जना आउनुहुन्छ, जसमध्ये पछिल्लो दुई हप्तामा झन्डै ८० जना त ज्वरोका ८० जना बिरामी इमरजेन्सीमा आउनुभएको थियो ।' मनसुन सक्रिय भएसँगै शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा मौसमी रुघाखोकी, भाइरल जोरो र डेंगुका बिरामीको चाप बढेको छ । मौसमी ज्वरोका साथै दूषित खाना र पानीका कारण हुने झाडापखाला (डायरिया) तथा टाइफाइडका बिरामीहरू पनि उपचारका लागि पुग्न थालेका छन् । मौसमी रुघाखोकी र डेंगुका लक्षण जुध्दा धेरै बिरामी अन्योलमा पर्ने गरेका छन् । अस्पतालका निर्देशक डा. अनुप बास्तोलाका अनुसार मौसमी रुघाखोकीमा एक्कासि घाँटी दुख्ने, ज्वरो आउने, टाउको दुख्ने र शरीर थाक्नेजस्ता लक्षण देखिन्छन् । वर्षाको पानी जमेर लामखुट्टेको प्रकोप बढेसँगै फैलिने डेंगुमा भने आँखाका गेडी दुख्ने, चर्को टाउको दुख्ने, मांसपेशी र जोर्नीहरू करकरी खानेजस्ता कडा लक्षण देखिने गर्छन् । ज्वरो आउने बित्तिकै नआत्तिन र प्राथमिक उपचारका रूपमा घरमै प्यारासिटामोल खाने, झोलिलो तथा जलीय पदार्थ प्रशस्त पिउने र स्वास्थ्यकर्मीको परामर्श लिन चिकित्सकहरूको सुझाव छ । ज्वरो आएका बिरामीहरूमा अत्यधिक शिथिलता आउने, खाना नरुच्ने, पेट दुख्ने, पखाला र उल्टी हुनेजस्ता जटिलता देखिएमा तुरुन्त अस्पताल पुऱ्याउनुपर्ने चिकित्सकहरू बताउँछन् । बिरामीहरूको सङ्ख्या केही बढेकोजस्तो छ । विशेष गरेर मौसमी रुघाखोकीको सिजन सेप्टेम्बरदेखि सुरु हुन्छ । यसका साथै दूषित खाना वा पानीका कारण हुने झाडापखाला (डायरिया), टाइफाइड लगायतका बिरामीहरू पनि देखिन थालेका छन् । मनसुन सुरु भइसकेपछि पानी जम्न थालेर एडिज जातको लामखुट्टेको प्रकोप बढेसँगै डेंगुका बिरामी आउँछन् । मनसुन सुरु भइसकेपछि पानी जम्न थालेर यो एडिज जातको लामखुट्टेको प्रकोप बढिसकेपछि डङ्गुका बिरामी आउँछन् । डेंगुमा मुख्य गरेर आँखाका गेडीहरू दुख्ने, टाउको दुख्ने, मांसपेशीहरू दुख्ने, अनि जोर्नीहरू दुख्ने, ढाड करकरी खाने जस्ता लक्षणहरू देखिन्छन् । मौसमी रुघाखोकीमा घाँटी दुख्ने, ज्वरो आउने, टाउको दुख्ने र शरीर पूरै दुख्छ । डेंगुमा चर्को टाउको दुख्ने, आँखाका गेडीहरू दुख्ने, मांसपेशीहरू दुख्ने, जोर्नीहरू दुख्ने, पिँडौला करकरी खाने, ढाड करकरी दुख्ने (जसलाई हामी 'ब्रेकबोन फिभर' पनि भन्छौँ) यस्ता लक्षण देखिन्छन् । ज्वरो आएका बिरामीले चिकित्सकको परामर्शअनुसार कुन प्रकारको सङ्क्रमण हो भन्ने निदान गरेरमात्र औषधि सेवन गर्नुपर्छ । घरमा रहँदा प्यारासिटामोल खाने र झोलिलो पदार्थहरू प्रशस्त पिउने गर्नुपर्छ । सामान्य भाइरल फिभर दुई-तीन दिनमा आफैँ कम भएर जान्छ, तर बिरामीमा अत्यधिक शिथिलता वा कमजोरी आउने, खाना नरुच्ने, पेट दुख्ने, पखाला लाग्ने, लगातार उल्टी आउने जस्ता लक्षण देखिएमा वा एन्टेरिक फिभर (टाइफाइड) को शङ्का भएमा ढिला नगरी चिकित्सककहाँ जानुपर्छ । सङ्क्रमणको कारण यकिन गरेरमात्र उपचार अगाडि बढाउनुपर्छ । कुन सङ्क्रमणको कारणले गर्दा ज्वरो आएको भन्ने यकिन गर्न चिकित्सकको परामर्श लिएर उपचार गर्नुपर्छ । जस्तै हामीले विगत वर्षको डेङ्गु जाँच्दाखेरि पनि प्रशस्त मात्रामा ज्वरो आउनेबित्तिकै एन्टिबायोटिकको प्रयोग भएको पनि देखेका छौँ । अब एन्टिबायोटिक्सहरू युजुअल्ली एन्टिमाइक्रोबियल्सहरू भएको कारणले गर्दा मुख्य गरेर ब्याक्टेरियाको सङ्क्रमणको लागि प्रयोग गरिन्छ । कुन किसिमको सङ्क्रमण हो, ब्याक्टेरियाको सङ्क्रमण हो कि अब भाइरसको सङ्क्रमण हो भन्ने कुरा यकिन गरेर चिकित्सक, स्वास्थ्यकर्मीको सल्लाहले एन्टिबायोटिक प्रयोग गर्दा राम्रो हुन्छ । अनावश्यक एन्टिबायोटिकको प्रयोगले साइड इफेक्ट हुन सक्छ । अहिलेको अवस्थामा जुन एन्टिमाइक्रोबियल रेसिस्टन्स छ- औषधिले काम नगर्ने, एन्टिबायोटिकले काम नगर्ने ब्याक्टेरियाहरूको सङ्क्रमण बढ्दो छ, यो एउटा ठुलो चुनौतीको रूपमा छ । अब अनावश्यक आफूखुसी एन्टिबायोटिक प्रयोग गर्दाखेरि समस्या निम्तिन सक्छ । त्यही भएर हामीले चिकित्सकीय, स्वास्थ्यकर्मीको सल्लाह अनुसार उहाँहरूको उपचार पद्धतिमा बसेर आवश्यकता अनुसार मात्रै एन्टिबायोटिक प्रयोग गर्नुपर्छ । अब डेंगु, मौसमी रुघाखोकी जस्ता रोगहरूमा एन्टिबायोटिकको आवश्यकता पर्दैन, जबसम्म त्यहाँ सेकेन्डरी ब्याक्टेरियल इन्फेक्सन हुँदैन । त्यही भएर सकेसम्म एन्टिबायोटिकको समुचित रूपमा प्रयोग गर्नुपर्छ र स्वास्थ्यकर्मीको सल्लाहमा मात्र एन्टिबायोटिकको प्रयोग गर्नुपर्छ ।

*-अनलाइन खबर डटकम*


# के पातलो मानिस सबै स्वस्थ हुन्छन् ?



स्वास्थ्यबारे एउटा आम धारणा छ–पातलो मानिस स्वस्थ हुन्छ, मोटो मानिस अस्वस्थ हुन्छ । तर स्वास्थ्य विज्ञहरूका अनुसार यो धारणा सधैं सही हुँदैन । शरीरको तौल वा बाहिरी बनावटले मात्र व्यक्तिको स्वास्थ्य अवस्था निर्धारण गर्न सक्दैन । विज्ञहरू भन्छन्, वास्तविक स्वास्थ्य व्यक्तिको दैनिक जीवनशैली, खानपान, नियमित शारीरिक गतिविधिर शरीरभित्रको अवस्था कस्तो छ भन्ने कुराले तय गर्छ । बाहिरबाट दुब्लो देखिने धेरै व्यक्तिको शरीरमा अत्यधिक बोसो जम्मा भएको हुन सक्छ, जसलाई 'स्किनी फ्याट' अवस्था भनिन्छ। यस्तो अवस्थामा मांसपेशी कमजोर हुने, मेटाबोलिज्म बिग्रिनेर मधुमेह तथा मुटुसम्बन्धीरोगको जोखिम बढ्ने सम्भावना हुन्छ । स्वस्थ व्यक्तिको पहिचान तौलभन्दा पनि शरीरको समग्र अवस्थाले गर्छ। सामान्य रक्तचाप, नियन्त्रणमा रहेको रक्तचिनी, दिनभर पर्याप्त ऊर्जा, बलियोरोग प्रतिरोधात्मक क्षमता, सन्तुलित मानसिक स्वास्थ्यर पोषणयुक्त आहार स्वस्थ जीवनका मुख्य संकेत मानिन्छन्। यी पक्षराम्रो भएमा तौल सामान्यभन्दा केही बढी वा कम भए पनि व्यक्ति स्वस्थ हुन सक्छ । यद्यपि, विज्ञहरूले अत्यधिक तौल बढ्नुलाई पनि सामान्य रूपमा लिन नहुने बताउँछन् । विशेषगरी पेटको वरिपरि बोसो बढी जम्मा हुँदा मुटुरोग, उच्चरक्तचापर टाइप-२ मधुमेहको जोखिम उल्लेखनीय रूपमा बढ्न सक्छ । त्यसैले बडी मास इन्डेक्स (द्यः क्ष) सँगै कम्मर-हिप अनुपात पनि नियमित रूपमा जाँच गर्न सुझाव दिइन्छ । विशेषज्ञहरूका अनुसार स्वस्थरहनका लागि नियमित व्यायाम, पर्याप्त निद्रा, सन्तुलित आहारर सक्रिय जीवनशैली सबैभन्दा महत्त्वपूर्ण हुन्छ । शरीर अत्यधिक दुब्लो वा अत्यधिक मोटोपन दुवै स्वास्थ्यका दृष्टिले उपयुक्त मानिँदैन । स्वास्थ्यको सही मापन बाहिरी रूपले होइन, शरीरको कार्यक्षमतार जीवनशैलीले निर्धारण गर्छ । त्यसैले कसैको शरीरको आकार हेरेर मात्र उसको स्वास्थ्यबारे निष्कर्ष निकाल्नु उचित नहुने विज्ञहरूको सुझाव छ ।

*-इहिमालयन डटकम*

# आज वराह जयन्ती मनाइँदै




**पाल्पा,** साउन २३/ आज भगवान् विष्णुको तेस्रो अवतारका रूपमा मानिने भगवान् वराहको जन्मजयन्ती मनाइँदै छ । श्रावण महिनाको शुक्ल पक्षको तृतीया तिथि अर्थात् आजकै दिन भगवान् वराहको उत्पत्ति भएको मानिन्छ । वराह भगवानको उत्पत्ति भएको दिनको अवसरमा वराहक्षेत्र मन्दिरमा प्रातकालीन भगवानको स्नान यात्रा, दुग्ध अभिषेक र विशेष पूजा अर्चना गरी मनाउने गरिन्छ ।

नेपालका ऐतिहासिक महत्व बोकेको धार्मिक क्षेत्रमध्ये वराहक्षेत्र धाम पनि एक हो । प्राचीन पूर्वीय संस्कृति तथा परम्परा अनुसार वराहक्षेत्र धाममा रहेको बराह भगवान् विष्णुका १० अवतार मध्ये तेस्रो अवतार हुन् । सत्य युगमा डुब्न लागेको पृथ्वीलाई भगवान् बराहले जङ्गली जनावरको रूप धारण गरी बँदेलको भेषमा रक्षा गरी संसारभरका प्राणीहरूको रक्षा गरी संसारलाई स्थायित्व दिएको हिन्दु शास्त्रमा उल्लेख गरिएको छ ।

प्रेमको प्रतीक समेत मानिने भगवान् वराहको जन्म जयन्तीको दिन हृशगवानको नाममा व्रत बस्ने, भगवानको आराधन र अर्चना गरे मनोकामना पुरा हुने जनविश्वास रहिआएको बताइन्छ । हिन्दु धर्मावलम्वीहरुले आजको दिन व्रत बसेर भगवान् बराहको पूजा गर्ने प्रचलन रहेको छ । श्रद्धालु भक्तजनहरूले आज व्रत बसेर पूजा गरे आफ्ना मनोकामनाहरू पुरा हुने विश्वासका साथ भक्तजनहरू शरीर शुद्ध गरेर उपवासना बस्ने गरेका छन् । वराह जयन्ती मनाउनलाई स्थानीयमात्र नभई टाढाटाढाबाट पनि भक्तजन त्यो क्षेत्र पुग्ने गर्दछन् ।

वराह अवतारले असुर हिरण्याक्षको वध गर्दै पृथ्वीलाई सुरक्षित गरेको धार्मिक ग्रन्थहरूमा उल्लेख छ । वराहक्षेत्र धाममा वराह जयन्तीका अवसरमा भगवान् वराहको स्नान, दुग्धाभिषेक, विशेष पूजा-अर्चना, गीता तथा वराह चरित्र पाठलगायतका धार्मिक कार्यक्रम गर्ने परम्परा रहिआएको छ ।

## खेलकुद समाचार

### बङ्गलादेशसँग अस्ट्रेलिया १९८ रनमा अलआउट




**काठमाडौं,** साउन २८/ बङ्गलादेशसँगको पहिलो टेस्ट क्रिकेटको पहिलो पारीमा घरेलु टोली अस्ट्रेलिया १९८ रनमा अलआउट भएको छ । डार्विनको मारारा क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको अस्ट्रेलिया चिया समयपछि अलआउट भयो । अस्ट्रेलियाका स्टेभेन स्मिथले ७१ रन बनाए । बङ्गलादेशका हसन महमुदले ६ विकेट लिए ।

स्मिथले टेस्ट क्रिकेटमा ८२औँ अर्धशतक बनाएका हुन् । उनी अस्ट्रेलियाका लागि टेस्ट क्रिकेटमा सबैभन्दा धेरै अर्धशतक बनाउने तेस्रो खेलाडी बनेका छन् । यो सूचीको पहिलो नम्बरमा रिकी पोन्टिङ १०३ अर्धशतकसहित शीर्ष र एलन बोर्डर ९० अर्धशतकसहित दोस्रो स्थानमा छन् । बङ्गलादेशसँगको टेस्ट क्रिकेटमा अस्ट्रेलियाको यो सबैभन्दा कम योगफल हो । यसअघि सन् २०१७ मा अस्ट्रेलियाले मिरपुरमा २१७ रन बनाएको थियो । अस्ट्रेलिया र बङ्गलादेशबीच २ खेलको टेस्ट शृङ्खला भइरहेको हो । दोस्रो टेस्ट म्याकेको ग्रेट ब्यारियर रिफ एरिनामा अगस्ट २२ देखि शुरू हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्सेसँगै कारोबार रकम बढ्यो



**पाल्पा,** साउन २८/ सेयर कारोबार मापक नेप्से परिसूचक ८ दशमलव ८१ अंकले बढेको छ । शून्य दशमलव ३३ प्रतिशतको वृद्धिपछि समग्र सेयर कारोबार मापक नेप्से परिसूचक २ हजार ६ सय ५१ दशमलव २१ विन्दुमा उक्लिएको हो ।

यो साता तेस्रो दिन नेप्से बढेको हो । सोमरबार ९ दशमलव ०२ अंकले घटेको नेप्से मंगलबार र बुधबार सामान्य अंकले वृद्धि भएको थियो । अघिल्लो दिन बुधबार ० दशमलव ५५ अंकले बढेको नेप्से परिसूचक यसदिन ८ दशमलव ८१ अंकले बढेर २ हजार ६ सय ५१ दशमलव २१ विन्दुमा पुगेको हो । परिसूचक बढेसँगै कारोबार रकम पनि बुधबारको तुलनामा वृद्धि भएको छ । यसदिन ३४७ वटा स्क्रिप्सको १ करोड २ लाख २५ हजार ८७४ कित्ता सेयर ३ अर्ब ७२ करोड ७ लाख ७० हजार ७७ रुपैयाँमा खरिदबिक्री भए । बुधबार ३ अर्ब ५३ करोड रुपैयाँ बराबरको कारोबार भएको थियो ।

सेयर बजार सकारात्मक हुँदा दुई कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो । सर्वोत्तम पेन्ट्स इन्डस्ट्रिज र माउन्ट एभरेष्ट पावर डेभलपमेन्टको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएको हो । सुपर खुदी हाइड्रोपावरको सेयर १३ दशमलव ०२ प्रतिशतले बढ्दा घलेमादी हाइड्रोपावरको ११ दशमलव ९० प्रतिशतले बढ्यो ।

# अवैध लागूऔषध सहित ...

.अवैध लागूऔषध सहित विभिन्न स्थानबाट १२ जना पक्राउअवैध लागूऔषध सहित विभिन्न स्थानबाट १२ जना पक्राउ पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २९ वर्षीय अमर राई र २४ वर्षीय विकास गिरी रहेका छन् । प्रहरी चौकी पेल्टिमारीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । सुनसरी, भोक्राहा नरसिंह गाउँपालिका-६ उल्टी मोडबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब ३ सय ४ ग्राम १ सय १० मिलिग्राम सहित भारत बिहार अररिया पतरा पंचायत-६ बस्ने १९ वर्षीय ईस्मत उल्हा लाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यसैगरी सुनसरीकै, धरान उपमहानगरपालिका-८ भोटे पुलबाट नियन्त्रित लागूऔषध ट्रामाडोल १ सय ७० ट्याब्लेट र स्पास्पेन १ सय ७० ट्याब्लेट सहित सोही उपमहानगरपालिका-८ बस्ने २८ वर्षीय बुद्ध लिम्बु समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । सिन्धुलीको दुधौली नगरपालिका-६ पोखेरबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ २ ग्राम २ सय ९ मिलिग्राम र नियन्त्रित लागूऔषध स्पारेस्ट ८० ट्याब्लेट सहित सुनसरी बराहक्षेत्र नगरपालिका-६ चक्रघट्टी बस्ने २९ वर्षीय बिबेक शर्मालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी दुधौलीबाट खटिएको प्रहरीले बा.४ ख ६०३४ नम्बरको हायसमा सवार उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस्तै कञ्चनपुरको बेदकोट नगरपालिका-३ समादैजीबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ६ सय ४० मिलिग्राम र चरेस जस्तो देखिने पदार्थ सहित बेलडाँडी गाउँपालिका-१ बस्ने २५ वर्षीय रोहित भण्डारी समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी सुडाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

# स्वदेश फर्किएका देउवाले...

...२०२० सालदेखि आफू निरन्तर राजनीतिक संघर्ष र यात्रामा सहभागी हुँदै आएको स्मरण गर्दै देउवाले बीपी कोइराला, सुवर्णशमशेर राणा, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालालगायत अग्रज नेताहरूको त्याग र योगदानलाई नयाँ पुस्ताले बिर्सन नहुने बताए ।

उनका अनुसार अग्रजहरूले निर्माण गरेको राजनीतिक विरासत गौरवको विषय मात्र नभई जनताको विश्वासका रूपमा वर्तमान पुस्ताले बहन गरिरहेको जिम्मेवारी हो । देउवाले पछिल्लो समय युवा पुस्तामा देखिएको असन्तुष्टि र परिवर्तनको आकांक्षालाई नेपाली कांग्रेसले गम्भीर रूपमा लिनुपर्ने बताएका छन् । विश्व परिवर्तन भइरहेकाले नेपाली राजनीति पनि समयको गतिसँगै अघि बढ्नुपर्ने उनको भनाइ छ । गत भदौमा भएको जेनजी आन्दोलनका जायज मागलाई सम्बोधन गर्नुपर्ने धारणा आफूले त्यतिबेलै राखेको उनले स्मरण गरे । परिवर्तनको अर्थ विगतका पुस्ताको संघर्ष, त्याग र बलिदानलाई अस्वीकार गर्नु नभएको स्पष्ट पार्दै उनले लोकतन्त्र, स्वतन्त्रता, अधिकार र राजनीतिक प्रणाली निर्माणका लागि अघिल्लो पुस्ताले गरेको योगदानको सम्मान गर्नुपर्ने बताए । “केही कमी-कमजोरी भए होलान्, तर त्यसलाई स्वीकार गर्दै समुन्नत मुलुक निर्माणमा सबै पक्षको हातेमालो आवश्यक छ,” देउवाको भनाइ छ । उनले लोकतन्त्रमा सत्ता अस्थायी हुने तर जनताको मन बुझ्ने नेता दीर्घकालसम्म स्मरणीय हुने धारणा पनि व्यक्त गरेका छन् । सिंगापुर गएको पाँच महिनापछि उनी हङकङ हुँदै विहीबार नेपाल फर्किएका हुन् । उनी लामो समयदेखि उपचारका क्रममा विदेशमा थिए । गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा गम्भीर घाइते भएपछि देउवा श्रीमती आरजु राणासँगै उपचारका लागि सिंगापुर गएका थिए । उनलाई विमानस्थलमा बाजागाजा र झाँकीसहित भव्य स्वागत गरिएको थियो । संस्थापनइतर समूहको राष्ट्रिय भेलामा सहभागी हुन काठमाडौं आएका देशभरका कार्यकर्ता उनको स्वागतका लागि विमानस्थल पुगेका थिए । देउवा शुक्रबार सुकेधारास्थित पार्टी प्यालेसमा आयोजना हुन लागेको संस्थापनइतर पक्षको राष्ट्रिय भेलामा सहभागी हुने कार्यक्रम छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-३, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. 5342781 N का NK मित्र बहादुर थापा (ना.प्र.मा मित्र बहादुर ठाडा थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा लिला सराय र जन्म मिति सन् १९६१ डिसेम्वर १७ (वि.स.२०१८/०९/०३) र नेपाली नागरिकता प्रमाणपत्रमा लिला सरा ठाडा थापा, जन्म मिति वि.स. २०१६/०१/१५ (सन् १९५९ अप्रिल २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको कसेनी गाविस-७, हाल माथागढी गाउँपालिका-३ निवासी भारतिय भू.पू.सैनिक नं. JC 212790 W का Nb/ Sub चन्द्र बहादुर मगर (ना.प्र.मा चन्द्र बहादुर राना) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा गोपी माया मगर्नी र जन्म मिति सन् १९५५ मे १० (वि.स.२०१२/०१/२७) र नेपाली नागरिकता प्रमाणपत्रमा गोपी माया राना, जन्म मिति वि.स. २००८/११/२८ (सन् १९५२ मार्च ११) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविकको चिर्तुङ्गधारा गाविस-३, हाल बगनासकाली गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 602916 L का सुवेदार एक बहादुर थापा (ना.प्र.मा याम बहादुर सारु भन्ने एक बहादुर थापा) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा हस्तिकला थापा र जन्म मिति सन् १९७२ जुलाई २० (वि.स.२०२९/०४/०५) र नेपाली नागरिकता प्रमाणपत्रमा हस्तिकला थापा सारु, जन्म मिति वि.स. २०२९/०४/०८ (सन् १९७२ जुलाई २३) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई